# राष्ट्रिय स्टार्टअप उद्यम नीति २०७८

## पृष्ठभूमी

विश्वमै लगानी र प्रविधीको तिव्र विस्तारसँगै युवाहरु नयाँ नविन व्यवसायिक धारणासहित उद्यमशीलतामा लाग्ने लहर छाएको छ । दक्षिण एशियामा पनि युवाहरुलाई स्टार्टअप गर्न गराउन प्रेरित गर्ने खालका सहयोगी नीति कार्यक्रम सहित लगानी प्रवाह गर्ने कार्य भईरहेको छ । यसबाट युवाहरुको उपस्थिती नविनतासहितको उद्यमशीलतामा बढ्दो छ ।

नेपालमा पनि स्टार्टअप लिएर सुशिक्षित युवा उद्यमीहरु उद्यमशीलता गर्न अग्रसर भईरहेका छन् । तथापी हालसम्म त्यस्ता स्टार्टअपलाई सम्बोधन गर्ने छुट्टै नीतिको अभाव कायमै छ । यसले गर्दा कस्ता उद्योग वा व्यवसायलाई स्टार्टअप मान्ने, स्टार्टअप गर्ने युवा उद्यमीलाई राज्य र सरोकारवालाहरुले के कस्तो अनुकुलन वातावरण उपलब्ध गराउने भन्ने सम्बन्धमा अन्यौलता रहेको छ । देशले संघीयता अवलम्बन गरेपश्चात संविधानबमोजिम तीन तहको राज्य संरचना रहेको पृष्ठभूमीमा उद्योग तथा व्यवसायलाई सहजीकरण र प्रवर्द्धन गर्ने विषय तीनै तहको अधिकार सूचीमा विभाजित छ । यद्दपी स्टार्टअपको लागि नीतिगत व्यवस्था शिघ्रताशिघ्र गर्नु जरुरी भईसकेको छ ।

स्टार्टअप प्रारम्भ गर्न खोज्ने र संचालनमा रहेको स्टार्टअपलाई स्तरोन्नती गर्न चाहने युवा उद्यमीलाई प्रशिक्षित गर्न, संजालमा आवद्ध गर्न, तिनीहरुलाई आवश्यक पर्ने ज्ञान, सीप, प्रविधी र अनुभव हस्तान्तरण गर्न, वित्तीय पहुँच बढाउन, वित्तिय छुट सुविधाको प्रबन्ध गर्न साथै दिगो एवम स्तरोन्नती गर्न राज्यले उपयुक्त ईकोसिस्टम दिलाउनु पर्ने हुन्छ । तब मात्र नविन धारणा बोकेका युवाहरु रोजगार खोज्न बजारमा आउनुको सट्टा आँफै रोजगार प्रदायक भएर आउनेछन् । त्यसबाट समग्र अर्थतन्त्रमा लगानी, उत्पादन, आपूर्ति र रोजगारीका क्षेत्रमा योगदान पुग्न गई राष्ट्रिय अर्थतन्त्रलाई दिर्घकालमा स्वावलम्बी बन्न मद्दत पुग्ने स्थिती सृजना हुने हुन्छ ।

माथिको पृष्ठभूमीमा स्टार्टअप प्रवर्द्धनका लागि हाल विद्यमान नीतिगत रिक्तता हटाई स्पष्ट राष्ट्रिय नीतिगत संरचना प्रस्तुत गरी संघ, प्रदेश र स्थानीय तहलाई आ-आफ्नो कार्यक्षेत्रमा स्टार्टअप अनुकुलन ईकोसिस्टम प्रदान गराउने र सोअनुरुपका नीति र कार्यक्रम संचालन गरी युवाहरुलाई उद्यमशीलतातर्फ दिगो र व्यापक ढंगले भाग लिन उत्प्रेरित गर्ने उद्देश्यले नेपाल सरकारले यो स्टार्टअप नीति २०७८ जारी गरेको छ ।

## विगतका प्रयास

स्टार्टअपका बारेमा हालको पन्ध्रौं पन्चवर्षिय योजना (२०७६/७७ देखि २०८०/८१) ले कुनै स्पष्ट योजना राखेको देखिन्न । विगतका पन्चवर्षिय योजनाहरुमा यसबारेमा स्पष्ट धारणाको झनै

अभाव रहेको देखिन्छ। पछिल्ला आ.व.हरुको बजेट तथा कार्यक्रमलाई हेर्दा चालू आ.व.२०७७/७८ को बजेटले यस दिशातर्फ केही महत्वपूर्ण अवधारणासहित कार्यक्रम अघि सारेको छ। तीमध्ये सबैभन्दा महत्वपूर्ण बुँदा ५९ ले कोरोनाको कारण उत्पन्न व्यवसायिक अवसरको उपयोग गर्न नवप्रवर्तनकारी कार्यमा लगानी प्रोत्साहन गर्न चाहने उद्यमी व्यवसायीलाई २ प्रतिशत व्याज दरमा उपलब्ध गराईने नवप्रवर्तन शुरुवाती पूँजीका लागि रु.५० करोडको व्यवस्था ल्याएको छ। तथापी अघिल्लो आ.व.२०७६/७७ मा यही अनुदान उपलब्ध गराउने भनि शुरुवात गरिएको यस कार्यक्रममा नीतिगत तहमै अवधारणागत स्पष्टता र सम्बन्धित निकायबीच समन्वय खटकिएको अहिलेसम्मको कार्यान्वयनको अनुभवले बताउँछ।

त्यसैगरी, चालू आ.व. २०७७/७८ को बजेटमा बुँदा नं. १८४ र १८५ ले युवा केन्द्रीत उद्यमशीलताको कार्यक्रम ल्याएको पाईन्छ। बुँदा १८४ ले युवा उद्यमशीलता विकासका लागि सबै प्रदेशमा युवा नवप्रवर्तन केन्द्र स्थापना गर्ने र बुँदा १८५ ले युवालाई व्यवसायिक तथा उद्यमशीलता तालिम, नवप्रवर्तन पूँजी र प्रविधीमा पहुँच तथा सहज व्यवसायिक वातावरण उपलब्ध गराई उद्यमी बनाउने र यसका लागि विश्वविद्यालय तथा विभिन्न सीप विकास सम्बद्ध संस्थाहरुको सहकार्यमा युवालाई प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम उपलब्ध गराई उद्यमशीलताको विकास गर्ने कार्यक्रम समाविष्ट भएको छ। त्यसैगरी बुँदा १९२ मा महिला केन्द्रीत कार्यक्रमतर्फ राष्ट्रपति महिला उत्थान कार्यक्रममार्फत मुलुकभरका बन्चिति र विपन्नतामा परेका महिलाको सीप तथा उद्यमशीलता विकास गरी रोजगारीका अवसर प्रदान गर्ने कार्यक्रम रहेको छ।

त्यस्तै आ.व.२०७६/७७ को बजेट कार्यक्रममा बुँदा ९७ मा मझौला र साना किसान उद्यमीको सुलभ कर्जामा सहज पहुँच सुनिश्चित गर्न साना किसान बैंक मार्फत परियोजनाकै धितोमा सहुलियतपूर्ण कर्जा प्रवाह गर्न रु. १ अर्व विनियोजन गरिएको थियो। बुँदा १०१ मा कृषि सीप सिकेर वैदेशिक रोजगारीबाट फिरेका युवाहरुलाई अर्ग्यानिक कृषि व्यवसाय गर्न उत्प्रेरित गर्ने कार्यक्रम थियो। बुँदा १२८ मा कृषि उद्यम र उद्योग व्यवसाय सन्चालनमा सहजीकरण गर्न लिज कानून बनाउने प्रतिवद्धता थियो। सबैभन्दा महत्वपूर्ण रुपमा बुँदा १४७ मा नविनतम ज्ञान, सीप र क्षमता भएका उद्यम र व्यवसाय सन्चालन गर्न शुरुवाती पूँजी उपलब्ध गराउन च्यालेन्ज फण्डको व्यवस्था गर्ने कार्यक्रम समाविष्ट थियो।

यसबीच आ.व.२०७८/७९ को बजेट वक्तव्यको बुँदा ६८ मा थप विशेष व्यवस्था ल्याएको छ। खासगरी युवा उद्यमीलाई स्टार्टअप व्यवसायमा संलग्न हुन उत्प्रेरित गर्ने उद्देश्यले परियोजना धितो राखी १ प्रतिशत व्याजदरमा रु.२५ लाखसम्म बीउपूंजी कर्जा उपलब्ध गराईने भनिएको छ। त्यस्तै स्टार्टअप व्यवसायको दर्ता, नविकरण तथा अन्य सेवा एकद्धार प्रणालीबाट मिलाउने, स्टार्टअप व्यवसायमा वैदेशिक लगानी भित्राउन नीतिगत सहजीकरण गर्ने र स्टार्टअपका लागि रु.१ अर्वको च्यालेन्ज फण्ड स्थापना गर्ने प्रावधान छ। सो बुँदाको सही ढंगले पूर्ण कार्यान्वयन गर्न सर्वप्रथम स्टार्टअपलाई नेपाली सन्दर्भमा परिभाषित गर्नु जरुरी भईसकेको छ।

स्टार्टअपको सन्दर्भमा अझैपनि अवधारणागत र कार्यान्वयन प्रकृयामा वृहद धारणा आउन नसकेको साथै ल्याईएका कार्यक्रमपनि कतिपय पूर्ण कार्यान्वयनमा आउन नसकेको सत्य हो। यस्ता तथ्यहरुले नवप्रवर्तनकारी उद्यमशीलताको लहर ल्याउन सरकारले सम्बोधन गर्नु पर्ने विभिन्न विषयहरुलाई समेटेर एक छुट्टै स्टार्टअप उद्यम सम्बन्धी नीति ल्याउनु पर्ने खाँचोलाई औंल्याउँछ।

## वर्तमान स्थिती

विश्व स्टार्टअप इकोसिस्टम प्रतिवेदन २०२० बमोजिम विश्वभर रहेको स्टार्टअपको अर्थतन्त्रको आकार तीन ट्रिलियन अमेरिकी डलर पुगेको छ। संसारका हरेक दश सबैभन्दा ठूला कम्पनीमध्ये सात सूचना प्रविधीसँग सम्बद्ध हुने गरेबाट उद्यमशीलतामा प्रविधीको महत्व स्वयं प्रष्ट हुन्छ। अहिले आएर स्टार्टअपका क्षेत्रमा एशियाली देशहरु निकै चाँडो फड्को मारिरहेका छन्। केही वर्ष अघिसम्म लगानी गर्ने अधिकांश क्यापिटल भेन्चर सं.रा.अमेरिकामा हुने गरेकोमा ठूलो संख्या सहित स्टार्टअपमा विश्वकै दोश्रो ठूलो केन्द्र चीन बन्न सकेको छ। भारतमा मात्रै पछिल्ला केही वर्षमा करीब २० हजार स्टार्टअप कम्पनी दर्ता भए र तीमध्ये झण्डै ४,५०० जति उच्च प्रविधीमुखी रहे। त्यहाँको स्टार्टअप इकोसिस्टमले सन् २०१४ देखि २०१८ भित्र लगभग ३३ बिलियन अमेरिकी डलर लगानी आकर्षण गरेको देखिन्छ। केही वर्षदेखि भारतले स्टार्टअप प्रर्वद्धनका लागि विभिन्न नीति कार्यक्रम ल्याएकोमा सन् २०२१ प्रारम्भबाट 'स्टार्टअप भारत स्किम' ब्यानरमा भारतीय रु.९४५ करोड सहितको निकै महत्वाकांक्षी कार्यक्रम ल्याएकोछ। सोबाट आगामी ४ वर्षभर छानिएका ३६०० वटा स्टार्टअपलाई स्तरोन्नतीका लागि ३०० इन्क्यूबेटरहरु मार्फत हरेकलाई भारतीय रु.५० लाख अनुदान दिने कार्यक्रम अहिले संचालनमा छ।

ईण्टरनेट र स्मार्टफोनको उपलव्धता र प्रयोगमा आएको विस्तारले नेपालीहरु खासगरी युवाहरुको चाख उद्यमशीलतामा ज्यामितिय ढंगले वृद्धि भएको छ। खासगरी भूमण्डलीकरणको फाईदा लिँदै युवाहरुले नवप्रवर्तनकारी परिवर्तनबाट उद्योग वा व्यवसाय थाल्न प्रचुर प्रेरणा लिएका छन्। विश्वको उद्यमशीलताको मानचित्रमा देखा परिरहेका नविनतम समाधानहरुलाई प्रयोग गर्न नेपाली युवाहरु आतुर छन्। सन् २०१९ मा गरिएको एक अध्ययन 'म्यापिङ्ग अफ नेपाल्स इभोल्भिङ्ग स्टार्टअप इकोसिस्टम' ले देखाउँछ, नेपालमा अहिले करीब ४००-४५० वटा स्टार्टअपहरु इन्क्यूबेसन र एक्सिलेरेसनको प्रकृयाबाट अघि बढिरहेका छन्। तीमध्ये अधिकांश काठमाण्डौं उपत्यकामा केन्द्रीत छन्। त्यसैगरी स्टार्टअपमा ईक्विटी वा ऋणमा लगानी गर्न सिमित संख्यामा भेन्चर क्यापिटल, प्राइभेट ईक्विटी तथा इन्भेष्टमेण्ट कम्पनीहरु संचालनमा रहेका छन्।

त्यस्ता नेपाली स्टार्टअपहरुमा लगानी गर्न विगत केही वर्षदेखि केही विदेशी प्राईभेट इक्विटीज र भेन्चर क्यापिटल फर्महरु नेपालमा सक्रिय छन्। यसका अलावा केही व्यवसायिक घरानासँग आबद्ध युवा उद्यमीहरुले त्यस्ता स्टार्टअपहरुलाई ठूलो लगानीपनि गर्न थालिसकेका छन्। यो पछिल्लो संलग्नताले शुरुवाती पूंजी लगानीकर्ता (Angel Investors) को प्रतिनिधीत्व गर्दछ।

नयाँ-नविन प्रविधीको उपयोग गरी उद्यम क्षेत्रलाई अकल्पनीय ढंगले बढोत्तरी गर्ने (Disruptive Business) उद्यम वा व्यवसायलाई सम्बोधन गर्ने खालको नीति र कानून हालसम्म उपलब्ध नभएकाले स्टार्टअपलाई अरु सामान्य उद्यमझैं ठानि विगतकै पारम्परीक नीतिबाट समाधान खोज्ने अभ्यास अझै जारी छ। नीति र रणनीतिको अभाव, सहजीकरण तथा नियमन सम्बन्धी कानूनको अभाव, नियामक निकायको अन्यौलता, वित्तीय सहयोगको अभाव, लगानीकर्ताको अस्पष्टता र सरकार तथा अन्य सरोकारवालाबाट प्राप्त हुनु पर्ने छुट, सुविधा, सहुलियत र प्रोत्साहनको कमी जस्ता समस्याहरु हुँदा हुँदैपनि युवाहरु स्टार्टअपका नवप्रर्वतनकारी धारणा लिएर संलग्न भईरहेका छन् ।

## अवसर एवं संभावना

उथुलपुथल गर्ने नवप्रवर्तनकारी प्रविधी उपयोग मार्फत वस्तु वा सेवा उत्पादनमा नेपाली युवाहरु कम्पनी वा उद्यम स्थापना गर्दै अघि सरिरहेको वर्तमान अवस्था आँफैमा ठूलो अवसर हो। बजार मूलतः माग र आपूर्तिबाट चल्छ। माग र आपूर्तितर्फ अभ्युदय भईरहेका विभिन्न पक्षहरुले स्टार्टअप ल्याउन प्रेरित गरिरहेको छ। ईण्टरनेट र स्मार्टफोनको बढ्दो प्रयोग, कूल जनसंख्यामा ईण्टरनेट प्रयोगकर्ताको बढ्दो अनुपात, तिव्र गतिमा फैलिँदो उपभोक्तावादी संस्कृति, व्यवसाय वा उद्यमप्रति बढ्दो विश्वास, युवा र प्रविधीमैत्री जनसंख्याको ठूलो बाहुल्यता जस्ता कारक पक्षले स्टार्टअपका लागि बजारमा माग दिनानुदिन सुदृढ बन्दै गएको छ। त्यसैगरी, उद्यमशीलताको ज्ञान तथा जानकारी सहज र सुलभ बन्नु, युवा तथा सुशिक्षित व्यक्तिहरु उद्यम तथा कम्पनीको संस्थापक हुने प्रवृत्ति बढ्नु, स्थापित तथा पुराना घरानाका नयाँ पुस्ताबाट शुरुवाती पूंजी लगानीकर्ता वा देवदूत लगानीकर्ता (Angel Investors) प्रकट हुनु र प्राईभेट इक्विटिज, ईन्भेष्टमेण्ट कम्पनी तथा भेन्चर क्यापिटल सानै स्वरुपमा भएपनि क्रियाशील हुनु जस्ता आपूर्तिजन्य कारक पक्षहरुले स्टार्टअपका लागि नेपाली बजार उर्वर बन्दै गएको छ।

नेपालमा स्टार्टअपका लागि नीतिगत, कानूनी र ज्ञान, क्षमता तथा साधन-श्रोतयुक्त प्रवर्द्धनकारी संस्थागत व्यवस्था गर्न सकिएमा आगामी दिनमा अर्बौको लगानी यस मार्फत लगानी हुने संभावना छ। यसबाट उद्यमशीलतामा अभिवृद्धि, उत्पादनमूलक औद्योगिकीकरण र सेवा क्षेत्रको विस्तार हुनेछ। त्यसबाट स्वदेशी वस्तु र सेवाको उत्पादन र बजारमा आपूर्ति स्वतस्फूर्त बढ्नेछ। अन्ततः रोजगारी तथा स्वरोजगारीको अवसरमा बढोत्तरी हुने साथै आयात प्रतिस्थापना, निर्यात प्रर्वद्धन र राजस्वमा समेत सकारात्मक परिणाम आउने संभावना अथाह छ।

## चुनौती

उद्यमशीलताका क्षेत्रमा आईरहेको तिव्र परिवर्तनका बाबजूद युवा स्टार्टअपकर्ताहरुले अनेकन चुनौतिहरुको सामना गर्नु परिरहेको छ। इन्क्यूबेसन र एक्सिलरेटरलाई भुक्तानी गर्नु पर्ने रकम महंगो भएको गुनासो सुनिन्छ। त्यस्तै, स्टार्टअप सम्बन्धी इकोसिस्टमका लागि अत्यावश्यक हुने इन्क्यूबेटर,

एक्सिलेरेटर, लगानीकर्ता र स्टार्टअपकर्ताबीच हुन पर्ने साझेदारीको अभाव रहेको छ। स्टार्टअपकर्तालाई चाहिने राम्रा प्रशिक्षक (Mentors) को कमी विद्यमान छ। बैंक तथा वित्तिय संस्थामा हुने लामो झन्झटिलो प्रकृया, सम्पती धरौटी राख्नु पर्ने शर्त र उच्च व्याज दर स्टार्टअपकर्ताका लागि बाधक हुने गरेको छ। त्यस्तै शेयर (इक्विटी) मा लगानी गर्ने लगानीकर्ताहरुले कम्तिमा १५-२० प्रतिशत प्रतिफल दर अपेक्षा गर्ने गरेकाले शेयर लगानीकर्ता हच्कने गरेका छन्। प्रारम्भमा स्टार्टअपकर्ताले साना पूंजीदाता पाईरहेका छैनन भने प्राईभेट इक्विटिज र भेन्चर क्यापिटल फर्मले ठूलो लगानी ग्रहण गर्न सक्ने उपयुक्त स्टार्टअप पाईरहेका छैनन। स्टार्टअप विकास भएपछि विदेशी लगानी आकर्षित गर्न खोज्दा त्यस्ता लगानीकर्ताहरुले सस्तोमा लिने प्रवृत्ति राखेबाट स्टार्टअप उद्यमीले उचित मूल्य नपाएको गुनासोपनि सुनिन्छ।

विद्यमान चुनौतीहरुलाई एक सूत्रमा लिपीवद्ध गर्दा वित्तको अभाव, स्टार्टअपको लागि नभई नहुने पाईपलाइनको अल्प विकास, परिवर्तकारी नीतिको अभाव, राम्रा सल्लाकार वा प्रशिक्षक (मेण्टर) को समूहको सानो आकार, स्टार्टअपका सम्बन्धमा सरोकारवालाहरु बीच समन्वयको अभाव, इन्क्यूबेसन र एक्सेलेरेसन सम्बन्धी कार्यक्रमको कमी जस्ता मूलभूत चुनौतीहरुलाई सम्बोधन गर्नु पर्ने अवस्था छ।

स्टार्टअप लिएर व्यवसाय वा उद्यमशीलता थाल्ने युवा उद्यमीले उच्च प्रविधीको प्रयोग गर्दै बजारमा ठूलो जोखिम मोल्ने गर्छन्। उच्च र शिघ्र प्रतिफल आउँछ भन्ने अपेक्षामा यस्ता जोखिम मोलेका हुन्छन्। असफल भएमा अन्य युवा पुस्ता भावी दिनमा उद्यमशीलतामा प्रवेश नगर्ने जोखिमपनि समाजमा त्यतिकै प्रबल रहन्छ। यसै पक्षलाई मनन गरेर अन्य मुलुकहरुले अनुकूल इकोसिस्टम तयार गर्दै ल्याएका छन्। तर नेपालमा यस्तो जोखिमलाई व्यवस्थापन गर्न सहयोगी इकोसिस्टमको हालसम्म कायम अभाव सबैभन्दा ठूलो चुनौतीका रुपमा रहेको छ।

## सोच

नविन धारणासहित युवा उद्यमीले प्रारम्भ गरेको अव्वल स्टार्टअप उद्यम व्यवसायलाई तिव्र स्तरोन्नतीका लागि सहयोगी ईकोसिस्टम उपलव्ध गराउने।

## उद्देश्य

स्टार्टअप संचालनलाई स्थापना गर्न, संचालनमा ल्याउन र चाहिने पूंजीको श्रोत व्यवस्थापन गर्न तथा उद्यमीले ग्रहण गरेको विचार (Idea) लाई आयोजना (Project) सम्म विकास गर्न यस नीतिले देहायका उद्देश्यहरु वहन गर्नेछ :

१) स्टार्टअप-मैत्री नीतिगत तथा कानूनी सुधार गर्ने।

२) स्टार्टअपलाई सहजीकरण गर्न अत्यावश्यक संस्थागत, संरचनागत तथा अन्य पूर्वाधार निर्माण एवं विकास गर्ने ।

३) स्टार्टअप उद्यमको लागि स्वदेशी तथा विदेशी लगानी तथा पूंजीको पहिचान तथा प्रवर्द्धन गर्ने ।

४) प्रत्यक्ष तथा द्रुत वित्तिय प्रवाह तथा लगानीको व्यवस्था गर्ने ।

५) कर छुट, सुविधा, सहुलियत र प्रोत्साहन उपलव्ध गराउने ।

६) स्टार्टअप इकोसिस्टमका लागि सरोकारवालाहरुको क्षमता विकास र साझेदारी प्रवर्द्धन गर्ने ।

## नीति

- नेपालका सन्दर्भमा कस्तो व्यवसाय, उद्योग, उद्यम वा कम्पनीलाई स्टार्टअप मान्ने, स्टार्टअप तथा अन्य उद्यमी वा उद्योगी वा कम्पनीबीचको अन्तर स्पष्ट पार्ने गरी नीतिगत तथा कानूनी व्यवस्था गर्ने । यसका लागि परिभाषा गर्दा निम्न मापदण्डहरु मध्ये कुनै ५ मापदण्ड पूरा गर्ने खालका हाल स्थापना भईसकेका वा भविष्यमा स्थापना हुने उद्यम वा व्यवसायलाई स्टार्टअपका का रुपमा वर्गिकरण गर्ने :
    - पूर्णकालिन कामदारको संख्या बढीमा तीस नभएको
    - वार्षिक आय रु.५० लाख भन्दा कम भएको
    - स्थिर पूंजी (जग्गाको मूल्य समेत) रु.२ करोड भन्दा बढी नभएको
    - चुक्ता पूंजी रु.३० लाख भन्दा बढी नभएको
    - स्थापना भएको दश वर्ष ननाघेको
    - वस्तु उत्पादन वा सेवा प्रदानमा नवप्रवर्तन प्रयोग भएको वा वस्तु वा सेवा उत्पादन वा वितरण एक स्थान विशेषबाट शुरु भई कमसेकम पाँच स्थान विशेषमा विस्तार भएको वा रोजगार वृद्धि वा पूंजी निर्माण वा स्तरोन्नतीको उच्च संभावना रहेको ।
    - उद्यम स्थापना वा दर्ता भएपश्चात सबै आर्थिक वर्षमा कूल कारोबार रु.६ करोडभन्दा बढी नभएको
    - उद्यमको कूल खर्चमध्ये कम्तिमा १० प्रतिशत अंश अनुसन्धान र विकास (Research & Development) मा गर्ने गरेको
    - उद्यमको बौद्धीक सम्पतिको पेटेन्ट दर्ता वा सफ्टवेयर दर्ता भएको वा पेटेन्ट दर्ता वा सफ्टवेयर दर्ताको रुपमा योग्य रहेको

  तथापी उद्यमको होल्डिङ्ग कम्पनी भएमा र सो होल्डिङ्ग कम्पनी औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम मझौला वा ठूला उद्योगको वर्गिकरणमा परेका वा परेमा त्यस्ता उद्यमलाई स्टार्टअप उद्यमको मान्यता दिईने छैन ।

- स्टार्टअप गर्ने उद्यमी वा व्यवसायीहरुले के कस्तो छुट, सुविधा, सहुलियत र प्रोत्साहन पाउने भन्ने सम्बन्धमा स्पष्ट नीतिगत तथा कानूनी व्यवस्था गर्ने ।
- स्टार्टअप विकासका लागि समन्वयकर्ता वा नेतृत्वकर्ता (Coordinating or Leading Institution) र शैक्षिक वा अनुसन्धानकर्ता, च्यालेन्ज फण्ड, शुरुवाती पूंजी लगानीकर्ता, लगानीकर्ता निकाय, भेन्चर क्यापिटल र प्राईभेट शेयर लगानीकर्ता, एक्सिलेरेटर, इन्क्यिूभेटर, नेटवर्किङ्ग प्लाटफर्म जस्ता विभिन्न सरोकारवाला वा पक्षलाई परिचालन गरिनेछ ।
- स्टार्टअपको वातावरण (इको सिस्टम) को विकासमा सात प्रदेश सरकारले गरेको कार्य र प्राप्त उपलव्धीका आधारमा वर्षेनी प्रदेशहरुको श्रेणीकरण (Ranking) गरिनेछ । संघीय सरकारबाट प्रदेश सरकारहरुलाई वित्तिय साधन श्रोत बाँडफाँड गरिँदा स्टार्टअप सम्बन्धी इकोसिस्टममा प्रदेशले गरेको विकासलाई पनि आधार बनाई प्रदेशहरुले हरेक वर्ष हांसिल गरेको श्रेणी (Rank) लाई उपयोग गरिनेछ ।
- विशिष्ट स्टार्टअप गर्ने उद्यमी र इकोसिस्टम विकासमा अतुलनीय योगदान पुऱ्याउने पक्षहरुलाई वर्षेनी पुरस्कृत गर्न राष्ट्रिय स्टार्टअप पुरस्कार (National Start Up Award) सम्बन्धी एक उन्नत प्रणालीको विकास गरिनेछ। यस्तो पुरस्कार वस्तुगत तथा सेवाजन्य क्षेत्रका प्रमुख उपक्षेत्र समेतको प्रतिनिधित्व हुने गरी दिलाईनेछ ।
- स्टार्टअप गर्ने उद्यमीहरुलाई वित्तिय सहयोग गर्ने उद्देश्यले च्यालेन्ज फण्डका रुपमा स्टार्टअप नेपाल बिउपूँजी योजना (Start Up Nepal Seed Fund Scheme) नामक एक छुट्टै कोषसहितको कार्यक्रमको व्यवस्था गरिनेछ । प्रतिस्पर्धाका आधारमा संभाव्य उद्यमीले पेश गरेको नवप्रर्वतनकारी (Innovation) एवं तिब्र वृद्धि वा विस्तार (Scale Up) हुने परियोजनाको संभाव्यता परिक्षण (Proof of Concept) लगायत समरुप विकास (Prototype Development), वस्तुको परिक्षण (Product Trials), बजारमा प्रवेश (Market Entry) र व्यवसायिक परिक्षण (Commercialization) गर्नका लागि आवश्यक पर्ने एक निश्चित प्रतिशत वित्त यस्तो कोषबाट व्यहोर्न उपलव्ध गराईनेछ । हाल विद्यमान स्टार्टअपको कारोबारलाई अभिवृद्धि (Scale Up) गर्नु पर्दा यस्तो वित्तीय सहयोग गरिनेछ ताकी बाँकी आवश्यक वित्त कुनै लगानीकर्ता वा बैंकबाट जुट्न सहज हुनेछ । तथापी यस योजनाबाट दिईने रकम आवेदक स्टार्टअपको रेखदेखमा संलग्न भएको इन्क्युबेटरमार्फत मात्र दिईने ।
- स्टार्टअप उद्यमहरु असफल भई दामासाहीमा जानु पर्ने अवस्था वा विघटन हुने अवस्थामा भेन्चर क्यापिटल, प्राईभेट ईक्विटी तथा ईन्भेष्टमेण्ट कम्पनीहरुको लगानीको सुरक्षित व्यवस्थापनको लागि क्रेडिट ग्यारेण्टी योजना (Credit Gurantee Scheme) संचालनमा ल्याईने ।
- हाल विद्यमान स्टार्टअपको कारोबारलाई अभिवृद्धि (Scale Up) गर्नु पर्दा यस्तो वित्तीय सहयोग गरिनेछ ताकी बाँकी आवश्यक वित्त कुनै लगानीकर्ता वा बैंकबाट जुट्न सहज हुनेछ । तथापी यस योजनाबाट दिईने रकम आवेदक स्टार्टअपको रेखदेखमा संलग्न भएको इन्क्युबेटरमार्फत

मात्र दिईनेछ । यस्ता स्टार्टअपको लागि कुनै Private Sector मार्फत लगानी भएमा यस्तो वित्तिय लगानीलाई प्रोत्साहन गर्नका लागि विशेष कर सहुलियतको व्यवस्था गर्ने ।

- स्टार्टअपको प्रारम्भिक अवस्थामा ईच्छुक स्टार्टअप उद्यमी वा व्यवसायीको व्यवसायिक अवधारणाको परिक्षणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार र परिक्षण सुविधा (Testing Facilities) उपलब्ध गराईने ।
- लगानीकर्ता र स्टार्टअप संस्थापनबीच (Simple Agreemnt for Future Equity-SAFE) सम्झौता गर्न र त्यसलाई कानूनी मान्यता दिन हालको कानूनी व्यवस्थामा संशोधन गर्ने ।
- स्टार्टअप गर्न चाहने नव उद्यमी र संभावित व्यवसायीलाई स्टार्टअपका लागि उत्प्रेरित गर्न विगतमा उद्यमशीलतामा उल्लेखनिय सफलता हांसिल गरेका रोल मोडेल व्यक्ति र तिनीहरुको संघर्ष र सफलताको कथा (Success Stories) बारे समाजमा संचारका विभिन्न माध्यम प्रयोग गरी प्रचारप्रसार गर्ने ।
- स्टार्टअप गर्न चाहने संभावित उद्यमी र स्टार्टअपमा सफलता हाँसिल गरिसकेका उद्यमीबीच संवाद वा अन्तरक्रिया हुने साथै संभावित उद्यमीले अन्य सहजीकरण पाउने वातावरणयुक्त सहकार्य स्थल (Coworking Space) स्थापना गरिने । व्यवसायिक सामाजिक दायित्व अन्तर्गत यस्ता स्थान स्थापना गर्न र संचालन गर्न सफल स्टार्टअप लगायत व्यवसायिक समूहहरु ( Corporate Groups) लाई उत्प्रेरित गर्ने ।
- स्टार्टअप उद्योग वा व्यवसायमा लगानी गर्ने निजी शेयर फण्ड (प्राईभेट इक्विटी फण्ड) लाई धितोपत्र बजारमा प्रवेश गर्न अनुमती दिने शर्त तथा प्रकृया सरलीकरण गर्ने । तथापी प्राईभेट इक्विटी र भेन्चर क्यापिटललाई सहजीकरण तथा नियमन कार्य नेपाल स्टार्टअप बोर्डबाट नै गर्ने व्यवस्था मिलाउने ।
- प्राइभेट इक्विटी फण्ड, देवदूत लगानीकर्ता (Angel Investor), भेन्चर क्यापिटल र क्राउड फण्डीङ (Crowd Funding) बाट स्टार्टअप उद्योग वा व्यवसायमा लगानी हुने अनुकूल वातावरण निर्माण गर्न प्रचलित कानूनहरुमा संशोधन वा नयाँ व्यवस्था जारी गर्ने ।
- स्टार्टअप उद्योग वा व्यवसायका लागि आ.व. २०८३/८४ सम्म आयकरमा शतप्रतिशत छुट दिने व्यवस्था गर्ने । सो अवधि पश्चात अध्ययनका आधारमा यस्तो छुटको अवधिलाई थप गर्न सकिने ।
- स्टार्टअप उद्योग वा व्यवसाय दर्ता र नविकरणमा वा तिनले गर्ने औद्योगिक सम्पतीको दर्तामा लाग्ने शुल्क शतप्रतिशत छुट दिने व्यवस्था गर्ने ।
- स्टार्टअप उद्यम वा व्यवसायका संस्थापकका हकमा संस्थापक शेयर नेपाल धितोपत्र बजारको दोश्रो बजारमा बिक्रि गर्न नपाउने लक-इन अवधि (Lock-in Period) लाई हालको ३ वर्षबाट १ वर्षमा झार्ने ।

- स्टार्टअप उद्यम वा व्यवसायको संस्थापकका साथै भेन्चर क्यापिटल र इक्विटी इन्भेष्टरलाई समेत तत तत पक्षले लगानी थालेको मितिदेखि ८ वर्षसम्म लागू हुने गरी पूंजीगत लाभकरमा कम्तिमा ५० प्रतिशत छुट दिने व्यवस्था गर्ने ।
- एक व्यक्तिबाट संचालित (One Person Company-OPC) स्टार्टअप उद्यम वा व्यवसायलाई पनि अन्य स्टार्टअप उद्यम वा व्यवसाय सरह समान छुट, सुविधा, सहुलियत र प्रोत्साहन उपलब्ध गराईने ।
- गैर आवासीय नेपाली (Non-Residential Nepali-NRN) ले पनि नेपालमा स्टार्टअप उद्यम वा व्यवसाय खोल्न र संचालन गर्न दिने । यस सम्बन्धमा मूलतः विदेशी लगानी ल्याउने न्यूनतम सीमा र उद्योगको वर्गिकरण बमोजिम लघु र घरेलु उद्योग लगायतमा विदेशी लगानी गर्न पाउने प्रावधान गैर आवासीय नेपालीका हकमा नेपाली नागरिक सरह कायम गर्ने ।
- मेडिकल प्रेसक्रिप्सन, मेडिकल बिलिङ र कोडिङ, ब्याक अफिस अपरेसन, राजस्व दावि प्रक्रिया (Revenue Claims Processing), कानूनी डाटाबेस, कण्टेण्ट विकास, तलबभत्ता (पेरोल), लजिष्टिक व्यवस्थापन, भौगोलिक सूचना प्रणाली (जिआइएस), मानव संसाधन सेवा (Human Resource Services), वेभ सर्भिस जस्ता सेवा दिने सूचना प्रविधीमा आधारित सेवा (Information Technoogoy Enabled Services-ITeS) प्रदायक स्टार्टअपको विकास र विस्तारलाई लक्षित गरी थप छुट, सुविधा, सहुलियत र प्रोत्साहन दिईने ।
- सातै प्रदेश सरकार तथा ७५३ वटै स्थानीय तहहरुलाई आ-आफ्नो कार्यक्षेत्रलाई लक्षित स्टार्टअप नीति ल्याउन र सो अनुरुप एकार्कामा दोहोरोपना नहुने र समन्वय कायम हुने गरी कार्यक्रम संचालन गर्न उत्प्रेरित गरिनेछ ।
- नयाँ स्टार्टअप संचालनमा ल्याउने उद्यमीहरुलाई सहयोग पुऱ्याउने उद्देश्यले अनलाइनमा आधारित स्टार्टअप सम्बन्धी संजाल (नेटवर्क) को विकास गरिनेछ । यस्तो संजालमार्फत विभिन्न वस्तु तथा सेवाजन्य क्षेत्र र उपक्षेत्रका स्टार्टअप उद्यमी, जन्मदाता (Incubators), सफल व्यवसायी वा तिव्र उन्नतीकर्ता/गतिवर्धक (Accelerators), प्रशिक्षक (Mentors), सरकारी निकाय, लगानीकर्तासँगको पहुँच स्टार्टअपका नव उद्यमीहरुलाई उपलव्ध गराईनेछ ।
- सरकारी तथा गैरसरकारी क्षेत्रमा कार्यरत अनुसन्धानकर्ता निकाय तथा अध्येताहरुलाई स्टार्टअपका क्षेत्रमा उद्यमशीलतासम्बन्धी नीतिगत अध्ययन अनुसन्धान कार्यमा संलग्न हुन प्रेरित गरिनेछ । यसका लागि फण्ड दिलाईनेछ ।
- स्टार्टअपले बजारबाट लगानी परिचालन गर्न दिने गरी तिनीहरुले धितोपत्र बजार (Stock Market) मा धितो (आइपिओ) जारी गर्न पाउने साथै ऋणपत्र (Debenture) जारी गर्न सक्ने व्यवस्था गर्ने । अन्य उद्योग वा कम्पनीले पूरा गर्नु पर्ने औसत शर्तका सट्टामा स्टार्टअपका हकमा केही सहज शर्तसहित यस्तो व्यवस्था गरिने ।

- महिला र दुर्गम क्षेत्रका स्टार्ट-अपकर्ताका लागि थप छुट, सुविधा, सहुलियत र प्रोत्साहन सहित छुट्टै विशेष प्याकेज दिने र त्यस्तो प्याकेजमा दिईने छुट, सुविधा, सहुलियत र प्रोत्साहन अन्य उद्यमी वा व्यवसायीलाई प्रदान गरेको भन्दा अधिक हुने ।
- भेन्चर क्यापिटल र प्राईभेट इक्विटी (निजी शेयर) हरुलाई स्टार्टअपमा लगानी गर्न सहजीकरणका लागी बजारमा तिनीहरुको प्रवेश र प्रस्थान (Exit) गर्न दिन कम्पनी, दामासाही, आयकर, विदेशी लगानी तथा प्रविधी हस्तान्तरण, औद्योगिक व्यवसाय, धितोपत्र, साझेदारी, विदेशी मुद्रा (नियमन) लगायतका विद्यमान कानूनहरुमा संशोधन र परिमार्जन गरिने ।
- सरकार, शैक्षिक तथा अनुसन्धान निकाय र उद्योग व्यवसाय सम्बन्धी संघ-संस्थाबिच स्टार्टअप प्रर्वद्धन गर्न कार्यक्रम निर्माण, सन्चालन, अनुगमन मुल्यांकन लगायत सम्बन्धमा साझेदारी अवलम्बन गर्ने ।
- औद्योगिक सम्पती संरक्षण मार्फत वस्तु वा सेवाजन्य स्टार्टअप व्यवसाय वा उद्योगलाई प्रवर्द्धन गर्ने उद्देश्यले हालको पेटेण्ट, डिजाईन र ट्रेडमार्क ऐन, २०२२ लाई परिमार्जन गर्ने ।
- स्टार्टअप उद्योग वा कम्पनीको दर्ता, अनुमती, नविकरण, स्तरोन्नती, स्थानान्तरण, मर्जर, खारेजी तथा अन्य सहजीकरण सम्बन्धी सेवा एकल बिन्दु सेवा (One Stop Services) एकै थलोबाट दिलाउने गरी एक अत्याधुनिक र अधिकारसम्पन्न संस्थागत व्यवस्था गरिने ।
- स्टार्टअप उद्योग वा कम्पनीले भित्राउने विदेशी प्रत्यक्ष लगानीका लागि अटोमेटिक रुटबाट विदेशी लगानी ल्याउन दिने द्रुत (Fast Track) व्यवस्था नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गर्ने ।
- नगरपालिकाहरुले आफ्नो कार्यक्षेत्रभित्र कार्य थालेका तर भर्खर सोचको चरणमा भएका वा तिव्र गतिवान नभईसकेका स्टार्टअपलाई घरभाडा खर्चमा राहत दिलाउन साथै कम्प्यूटर ईण्टरनेटको उच्च सुविधासहितको कम्तीमा एक वटा आधुनिक कार्यस्थल (Modern Work Place) दिलाउने ।
- युवा पुस्तालाई रोजगारकर्मी भन्दा रोजगारदाता बन्न स्टार्टअप सम्बन्धी विषयमा प्रेरणा दिलाउन स्वदेशमा र विदेशमा सफलता हांसिल गरेका स्टार्टअप उद्यमीहरुको जीवनमा आधारित विषय विद्यालय तथा कलेज स्तरीय पाठचक्रमहरुमा समावेश गर्ने ।
- च्यालेन्ज फण्डबाट स्टार्टअप उद्यम वा व्यवसायलाई १ प्रतिशत व्याजमा बिना धितो सहुलियत कर्जा उपलव्ध गराउने । यस सम्बन्धी प्रबन्ध नेपाल स्टार्टअप बोर्डले मिलाउने ।
- नेपाल स्टार्टअप बोर्ड, प्रदेश सरकार, स्थानीय तह, व्यापारिक तथा औद्योगिक समूह, विश्वविद्यालय वा कलेजबीचको लागत साझेदारीमा सम्वर्द्धन केन्द्र (Incubator) संचालन गर्ने ।
- नीतिगत र कार्यगत तहमा सहकार्यलाई घनिष्ठ बनाउन सरकार र स्टार्टअप बीच समयसमयमा अन्तर संवाद मन्च (Platform) को अधिकतम उपयोग गर्ने । यसलाई नेपाल स्टार्टअप बोर्डले प्रवर्द्धन गर्ने ।

- नेपाल स्टार्टअप बोर्डले स्टार्टअपका लागि नयाँ नयाँ संभाव्य क्षेत्रहरु कहाँ कहाँ हुन सक्छन्, समयसमयमा अध्ययन अनुसन्धान गरी सार्वजनिक गर्ने ।
- आईटी र सफ्टवेयर केन्द्रीत स्टार्टअपमा प्रविधी सम्बन्धी कानूनमा यथाशिघ्र समयानुकूल परिमार्जन गर्ने ।

## कार्यनीति

- यस नीतिमा उल्लिखित कार्यक्रमहरु संचालन गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले एक छुट्टै 'स्टार्टअप नेपाल' (Start-Up Nepal) नामक पोर्टल विकास गरी संचालनमा ल्याउनेछ । त्यस्तो पोर्टलमा सकभर सबै प्रदेश सरकार र स्थानीय तहको अनलाइन सेवालाई पनि लिंक गरी सोमार्फत स्टार्टअप उद्यमीहरुलाई अनलाइन सेवा तथा जानकारी उपलव्ध गराउनेछ ।
- नेपाल स्टार्टअप बोर्डले स्टार्टअपहरुको अद्यावधिक डाटाबेस तयार गर्नेछ । त्यस्तो डाटाबेसमा उद्योग व्यवसायको क्षेत्र र तह अनुसार सक्रिय, भर्खरै स्थापित स्टार्टअपहरुको अद्यावधिक तथ्याँक प्रणालीको व्यवस्था गरी लक्षित कार्यक्रम तर्जुमा गर्दा उपयोग हुने आधार निर्माण गरिनेछ । यसका लागि केन्द्रिय तथ्याँक विभाग (Central Bureau of Statistics-CBS) ले आवधिक रुपमा 'राष्ट्रिय स्टार्टअप सर्भे प्रतिवेदन' जारी गर्नेछ ।
- औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५४ बमोजिम उद्योगहरुले हरेक वर्ष आर्जन गरेको खुद मुनाफाको कम्तिमा एक प्रतिशत अंश व्यवसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility-CSR) वहन गर्दा स्टार्टअपका लागि पनि खर्च गर्न पाउने व्यवस्था गरिनेछ । तर यस्तो रकम आँफैले खर्च नलेखि नेपाल स्टार्टअप बोर्डमा च्यालेन्ज फण्डको रुपमा रहने नेपाल बिउपूँजी योजना (Start Up Nepal Seed Fund Scheme) कोषमा जमा गर्नु पर्नेछ ।
- हाल संचालनमा रहेका औद्योगिक क्षेत्रहरुमा तथा हाल निर्माणाधिन एवं भविष्यमा संचालनमा आउने औद्योगिक क्षेत्र र औद्योगिक ग्रामहरुमा औद्योगिक व्यवसाय ऐन, २०७६ ले निर्दिष्ट गरेबमोजिमका उत्पादनमूलक उद्योगलाई संचालन गर्न प्राथमिकता दिईनेछ । यसका लागि त्यस्ता क्षेत्रमा स्थान वितरण गरिँदा स्टार्टअप उद्यमीका लागि कम्तिमा पाँच प्रतिशत स्थान आरक्षण गरि ईच्छुक उत्पादनमूलक स्टार्टअप आवेदकहरुलाई तोकिएको शर्त र प्रकृयाका आधारमा उपलव्ध गराईनेछ ।
- विभिन्न क्षेत्र तथा उपक्षेत्रका स्टार्टअपहरुलाई आयकर, मूल्य अभिवृद्धि कर र भन्सार शुल्क लगायत अन्य सेवा शुल्क, दस्तुर तथा रोयल्टीमा छुटको व्यवस्था गरि संभाव्य उद्यमीहरुलाई प्रोत्साहन गरिनेछ । यसका लागि संघ तथा प्रदेश सरकार साथै स्थानीय तहले हरेक आर्थिक आर्थिक वर्षमा यस सम्बन्धी विशेष व्यवस्था गर्नेछ ।
- स्टार्टअप र युवा उद्यमीमार्फत नेपालमा वैदेशिक लगानी भित्राउने कार्यमा सहजीकरण गर्ने उद्देश्यले स्टार्टअपका लागि वैदेशिक लगानीको लागि विदेशी लगानी तथा प्रविधी हस्तान्तरण

ऐन, २०७५ को दफा ३ (३) बमोजिम हाल निर्धारित न्यूनतम सीमा (Threshold) लाई घटाउन पुनरावलोकन गरिनेछ । यस्तो पुनरावलोकन गरिंदा स्टार्टअपका लागि विदेशी लगानीका लागि रु.१ करोड रकमलाई न्यूनतम सीमा मान्ने व्यवस्था गर्ने । साथै, देवदूत लगानीकर्ता (Angel Investor), भेन्चर क्यापिटल सिरिज 'ए', भेन्चर क्यापिटल सिरिज 'बी', प्राइभेट इक्विटी वा भेन्चर क्यापिटल सिरिज 'सी' वा सोभन्दा माथिको लगानीका लागि छुट्टाछुट्टै न्यूनतम सीमा तय गर्ने ।

- प्राईभेट इक्विटी र भेन्चर क्यापिटलका हकमा एक पल्ट भित्राईसकेको विदेशी लगानीबाट पटकपटक स्टार्टअपमा लगानी गर्नु पर्दा विदेशी लगानीको सीमा (Threshold) र स्विकृती ( Approval) नचाहिने नीतिगत प्रष्टता कायम गर्ने ।
- स्टार्टअप उद्यम वा व्यवसायमा विदेशी लगानी गरेको भए त्यस्तो लगानी भित्राएको पहिलो ५ वर्षसम्म आयकरमा शत प्रतिशत छुट दिने ।
- नेपाल र अन्य देशका स्टार्टअपहरुबीच पारस्परीक विकासका लागि उपलब्ध ज्ञान, सीप, प्रविधी र अनुभवको आदानप्रदान गर्न द्विपक्षिय हब (Bilateral Hub) तयार गर्ने पहललाई अधिकतम उपयोग गरिनेछ । यसका लागि विदेशस्थित नेपाली राजदूताबासहरुले यस्तो सम्बन्ध स्थापना गराउन पहल गर्नेछन् । साथै उच्चस्तरीय भ्रमण वा वार्ता हुँदा यस्तो द्विपक्षिय हब स्थापना एवं पहल गर्ने विषयलाई समावेश गरिनेछ ।
- नेपाल सरकारले छुट्टाएको कोषबाट स्टार्टअप कम्पनीलाई ऋण लगानीसम्बन्धी व्यवस्थापन गर्न प्रतिस्पर्धाका आधारमा योग्यतम कुनै कमर्सियल वा विकास बैंकलाई 'स्टार्टअपको बैंक'का रुपमा चयन गरिनेछ । यस्ता बैंकका शाखाहरुबाट सरकारले बजेट कार्यक्रम र मौद्रीक नीतिमार्फत ल्याएको सहुलियत कर्जा उदाहरणीय रुपमा प्रवाह गरिनेछ । 'स्टार्टअपको बैंक' (An Excellent Bank for Start Up) भन्ने विशेष नारासहित स्टार्टअपहरुलाई यस्ता बैंकहरुले बिना झन्झट उत्कृष्ट सेवा दिनेछन् ।
- नेपाल स्टार्टअप बोर्डले स्टार्टअपको विकास एवं इकोसिस्टमका लागि गर्ने क्रियाकलापमा लगानी गर्ने उद्देश्यले पेट्रोलियम पदार्थको आयातमा प्रतिलिटर रु. २ का दरले प्रवेश बिन्दुमा भन्सार शुल्क उठाउने र त्यसरी उठेको रकमबाट स्टार्टअप विकास कोष गठन एवं संचालन गर्ने ।
- नेपाल स्टार्टअप बोर्डले सबै प्रदेश सरकार र स्थानीय तहको स्टार्टअप हेर्ने निकायको साथै सम्वर्द्धन केन्द्र (ईन्क्यूभेटर), गतिप्रदायक (एक्सिलेरेटर), प्रशिक्षक (मेण्टर) र अन्य साझेदारहरुको क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रम संचालन गर्ने । साथै, सम्वर्द्धन केन्द्र (ईन्क्यूभेटर), गतिप्रदायक (एक्सिलेरेटर), प्रशिक्षक (मेण्टर) र अन्य साझेदारहरुको लागि योग्यता तथा अन्य नर्म्स तोक्ने र लागू गराउने ।
- स्टार्टअप उद्यम वा व्यवसायलाई आवश्यक स्वदेशी पूंजी त्यस्ता स्टार्टअप आवद्ध सम्वर्द्धक - इन्क्यूभेटर) वा गतिप्रदायक (एक्सिलेरेटर) मार्फत मात्र उपलव्ध गराउने नीति लिने ।

- दातृ वा विकास साझेदारहरुबाट स्टार्टअपका लागि गरिने लगानी नेपाल स्टार्टअप बोर्डमा रहने स्टार्टअप विकास कोषको एकद्धारबाट हुने अनिवार्य व्यवस्था मिलाउने ।
- राष्ट्रिय वा अन्तराष्ट्रिय स्टार्टअप उद्यम सम्बन्धी सम्मलेन वा सभामा नेपालका उपयुक्त स्टार्टअप उद्यमी वा व्यवसायी वा विज्ञको सहभागितालाई प्रोत्साहन गर्न रजिष्ट्रेशन दस्तुर, हवाई टिकट, दैनिक भत्ता (Per Diem) वापत पूर्ण वा आंशिक अनुदान प्रदान गर्ने व्यवस्था मिलाउने ।

## कार्यान्वयन सम्बन्धी संस्थागत व्यवस्था

१) नेपाल स्टार्टअप बोर्ड (Start Up Board of Nepal-SBN) :

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीको अध्यक्षतामा नेपाल राष्ट्र बैंकका गर्भनर, नेपाल धितोपत्र बोर्डका अध्यक्ष, प्रशिक्षक (मेण्टर) हरुका तर्फबाट अलगअलग तीन क्षेत्र प्रतिनिधित्व हुने गरी तीन जना प्रतिनिधिहरु, राष्ट्रिय युवा उद्यमी फोरमका अध्यक्ष समेत रहने गरी छुट्टै नेपाल स्टार्टअप बोर्ड गठन हुनेछ । बोर्डको एक पूर्णकालिक कार्यालय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अर्न्तगत रहनेछ । बोर्डले स्टार्टअप दर्ता, नविकरण, स्तरोन्नती, मर्जर, खारेजी तथा अन्य सहजीकरण साथै स्टार्टअप सम्बन्धी अनुकूल इकोसिस्टम संचालन गर्न राष्ट्रिय निकायका रुपमा नीतिगत, समन्वयकारी तथा कार्यगत कार्यहरु सम्पादन गर्नेछ । यस्तो बोर्ड सार्वजनिक-निजी क्षेत्रको लागत साझेदारीमा संचालन हुने साथै व्यवस्थापकीय प्रविधीको उपयोग गरी दुवै क्षेत्रको संलग्नतामा व्यवस्थापन गरिनेछ । प्रतिस्पर्धाका आधारमा छानिएको प्रमुख कार्यकारी अधिकृत (सिइओ) ले बोर्डको दैनन्दिन कार्यलाई कार्यकारी प्रमुखका रुपमा नेतृत्व गर्नेछ । बोर्डको संगठनमा प्रविधी, उद्यमशीलता, वित्त, कानूनका क्षेत्रमा विशेषज्ञता हांसिल गरेका मानव संशाधन करिअर र करार दुवैतर्फको समिश्रणबाट प्राप्त गरी बोर्डको उद्देश्यका लागि अत्युत्तम उपयोग गरिनेछ ।

२) स्टार्टअप सम्वर्द्धन केन्द्र (Incubator)

सोच (Idea) को चरणमा स्टार्टअपहरुलाई सम्वर्द्धन गर्न नेपाल स्टार्टअप बोर्डले निर्धारण गरेको नर्म्सभित्र रही कार्य गर्ने गरी सातै प्रदेशमा एक एक वटा स्टार्टअप सम्वर्द्धन केन्द्र ( इन्क्यूभेटर) संचालनमा ल्याईनेछ । त्यसैगरी, विश्वविद्यालयस्तरीय सम्वर्द्धन केन्द्र, कलेजस्तरीय सम्वर्द्धन केन्द्र तथा निजी सम्वर्द्धन केन्द्रहरु संचालन हुन वातावरण बनाईनेछ । हरेक सम्वर्द्धन केन्द्रहरुले अन्य सेवाका अतिरिक्त स्टार्टअप उद्यमीहरुलाई प्रारम्भिक समयमा ल्याबसहितको अत्याधुनिक कार्यस्थल, कानूनी, प्राविधिक, लेखा, वित्तिय, बजार, वस्तु वा सेवाको विकास र ब्राण्ड वा बौद्धीक सम्पति लगायतमा तालिम तथा प्रशिक्षण सेवा र विचार (Idea) को परिक्षण सुविधा ( Testing Facilities) उपलव्ध गराईनेछ । सम्वर्द्धन केन्द्रले आँफूले प्रशिक्षणमा संलग्न गराउने दक्ष

प्रशिक्षकहरुको रोष्टर (सूची) तयार गरी उपयोग गर्नेछ। साथै, सम्वर्द्धन केन्द्रहरुको श्रेणीकरण (Ranking), प्रमाणीकरण (Certification) र प्रत्यायान (Accredication) सम्बन्धी कार्य नेपाल स्टार्टअप बोर्डले गर्नेछ।

३) प्रशिक्षक (Mentor)

स्टार्टअपलाई अनुशिक्षण गर्न नेपाल स्टार्टअप बोर्डले निर्धारण गरेको नर्म्समा रही मेण्टरिङसम्बन्धी कार्य गर्ने गरी प्रशिक्षकको व्यवस्था गरिनेछ। तिनीहरुको योग्यता बोर्डबाट तोकेबमोजिम हुनेछ। मेण्टरहरुको समूह (Pool) तयार गर्न बोर्डले प्रशिक्षक तालिम (TOT) उपलब्ध गराउने लगायत तिनीहरुको प्रमाणीकरण (Certification) तथा प्रत्यायान (Acceditation) तथा उत्कृष्ट प्रशिक्षकको श्रेणीकरण (Ranking) समेत गर्नेछ। मेण्टरहरुको समूह (Pool) को विकास गर्न बोर्डले विदेशी प्राविधिज्ञ सहयोग (Foreign Technical Supports) तथा आदानप्रदान कार्यक्रम (Exchange Program) सम्बन्धी कार्यक्रमहरु संचालन गर्नेछ।

४) गतिप्रदायक (Accelerator)

अस्तित्वमा आईसकेका स्टार्टअपहरु मध्येबाट तिव्र वृद्धि र न्यूनतम संभाव्य उत्पादन (Minimum Viable Product- MVP) देखाएका स्टार्टअपहरुलाई सानो संख्यामा गतिवान वृद्धि (Acceleration) का लागि छानिन्छ। त्यसरी छानिएका स्टार्टअपहरुले लिएका सोच (Idea) लाई नेटवर्किङ, प्रशिक्षण र थप वृद्धिका लागि अत्यावश्यक लगानी वा साधन श्रोत उपलब्ध जुटाईन्छ। नेपाल स्टार्टअप बोर्डले निर्धारण गरेको नर्म्सभित्र रहेर बोर्डबाट अनुमति लिएका विश्वविद्यालय वा कलेज वा उद्योग व्यवसाय सम्बन्धी प्रतिस्ठान वा फोरमहरुले गतिप्रदायकको रुपमा कार्य गर्न सक्नेछन्। तर त्यस्ता गतिप्रदायकहरुको श्रेणीकरण (Ranking), प्रमाणीकरण (Certification) र प्रत्यायान (Accredication) सम्बन्धी कार्य नेपाल स्टार्टअप बोर्डले गर्नेछ।